**मुक्तिनाथ दर्शन सेवा**

दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे



**पोखरा साइडसिन सेवा**

पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे

रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा

रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर



**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**

नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा

कलर भिजिटिङ कार्ड साथै

तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्क:

०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २७ ❑ अङ्क २४१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ भदौ ३० गते मंगलबार ❑ 15 Sept. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-


## कांग्रेसको संस्थापनइतर पक्षले छुट्टै १५औँ महाधिवेशन गर्ने

**रासस**
काठमाडौं, २९ भदौं

नेपाली कांग्रेसको संस्थापनइतर पक्षले आगामी मङ्सिर २१ देखि २३ गतेसम्म पार्टीको छुट्टै १५औँ महाधिवेशन गर्ने भएको छ।

सो पक्षले आइतबार यहाँ पत्रकार सम्मेलन गरी संस्थापन पक्षले पार्टीलाई एकताबद्ध बनाउने सम्बन्धमा खासै चासो नदिएको र संवादलाई बेवास्ता गरेको भन्दै आगामी मङ्सिरमा १५औँ महाधिवेशन थाल्ने जनाएको हो। उक्त महाधिवेशन तयारी समितिका संयोजकप्राडाशङ्कशाककोइरालाले १४औँ महाधिवेशनबाट निर्वाचित नेतृत्वले सार्वजनिक गरेको कार्यतालिकाअनुसार आगामी असोज १५ गतेदेखि वडा तहको अधिवेशन सुरु गर्ने जानकारी दिनुभयो । संयोजक प्रा डा कोइरालाले भन्नुभयो, "पार्टीको आधिकारिकतासम्बन्धी विषय सर्वोच्च अदालतमा विचाराधीन रहेको अवस्थामा पार्टीको अधिवेशन र महाधिवेशनको एकतर्फी रूपमा घोषणा गरिएको कार्यतालिका स्थगन गरेर वार्ता र संवादमार्फत सहमतिमा पुग्ने वा सर्वोच्च अदालतको निर्णयको प्रतिक्षा नगरी एकलौटी रूपमा अगाडि बढ्नु कुनै पनि हालतमा उचित मान्न सकिन्न।" उहाँले पार्टीको भविष्यलाई केन्द्रमा राखेर कानुनी र राजनीतिक दुवै पक्षको सम्मान हुनेगरी समाधान खोज्नु आजको आवश्यकता भएको उल्लेख गर्नुभयो।

पार्टीको संस्थापन पक्षले आइतबार मात्रै कार्यसम्पादन समितिको बैठकबाट निर्णय गरी आगामी असोज ३ गतेदेखि वडा अधिवेशन थाल्ने र असोज १६ देखि १९ गतेसम्म १५औँ महाधिवेशन गर्ने तालिका सार्वजनिक गरेको थियो।

## तीजमा सुनसान पोखरा : घरघरमै सीमित भयो पर्व

**पोखरापत्र संवाददाता**
पोखरा, २९ भदौं



विगतका वर्षहरूमा हरितालिका तीज नजिकिँदै गर्दा रातो पहिरनमा सजिएका महिलाको चहलपहल, तीज गीतका भाकासँगै गुञ्जिने सांस्कृतिक कार्यक्रम र मेला-महोत्सवले भरिभराउ हुने पोखरा यस वर्ष भने सुनसानजस्तै भएको छ। भोटेकोशी र त्रिशूली नदीमा आएको विनाशकारी बाढीबाट देशका विभिन्न जिल्लामा ठूलो जनधनको क्षति भएपछि शोकमा रहेको मुलुकप्रति ऐक्यबद्धता जनाउँदै पोखराका प्रमुख तीज महोत्सव तथा सामूहिक कार्यक्रम स्थगित गरिएपछि यस वर्षको तीजको रौनक बजारमा देखिएन।

पोखरामा विगत २७ वर्षदेखि निरन्तर आयोजना हुँदै आएको लामाचौर तीज महोत्सवसहित विभिन्न स्थानमा हुने तीज गीत प्रतियोगिता, सांस्कृतिक कार्यक्रम, मेला तथा महोत्सव स्थगित भएपछि सामूहिक रूपमा तीज मनाउने वातावरणसमेत बनेन्। त्यसको प्रभाव बजारको चहलपहल र व्यापारिक कारोबारमा समेत परेको व्यवसायीहरू बताउँछन्। यस वर्ष महिलाहरूले भने घरघरमै परिवारका सदस्य, दिदीबहिनी तथा आफन्तसँग भेटघाट गरी तीज मनाए। सामाजिक सञ्जाल फेसबुक र टिकटकमा तीजका भिडियो तथा तस्बिर राख्दै पर्वको खुसी साटासाट गर्ने क्रम भने देखियो। लामाचौरमा २७ वर्षदेखि आयोजना हुँदै आएको तीज महोत्सव यसपटक स्थगित भएपछि त्यस क्षेत्रको तीजको माहोल नै खल्लो भएको आयोजक नव आदर्श सामुदायिक विकास समाजका अध्यक्ष इन्जिनियर दिनेश भण्डारीले बताउनुभयो। 'कोभिड-१९ को समयमा दुई वर्ष बाहेक लगातार २७ वर्षदेखि लामाचौरमा तीज महोत्सव हुँदै आएको थियो। यसपटक देश विपद्मा रहेका बेला उत्सव मनाउनु उपयुक्त नलागेर कार्यक्रम स्थगित गरेका हौं। त्यसैले लामाचौर क्षेत्रमा पनि तीजको समयमा सुनसानजस्तो अवस्था रह्यो,' उहाँले हामीलाई भन्नुभयो। समाजले महोत्सव स्थगित मात्र गरेन, कार्यक्रमका लागि संकलन भएको रकम तथा तीज महोत्सव अक्षयकोषको ब्याजसमेत जोडेर रु. १ लाख ११ हजार १ सय ११ प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा सहयोग गर्ने निर्णय गरेको छ।

त्यसैगरी, कर्मा फ्लाईस फाउन्डेसनको सहकार्यमा केही दिनअघि उत्तरगया गाउँपालिका ३ को ठुला गाउँमा बाढी तथा विपद् प्रभावित ३ सय घरपरिवारका लागि करिब १२ लाख ५० हजार रुपैयाँ बराबरको राहत सामग्री वितरण गरिएको अध्यक्ष भण्डारीले जानकारी दिनुभयो। पोखराको लामाचौरसँगै बाटुलेचौर, लेकसाइडलगायत क्षेत्रमा हुने तीज विशेष कार्यक्रमसमेत स्थगित हुँदा यस वर्ष तीज विगतको तुलनामा निकै खल्लो भएको महिलाहरूको भनाइ छ। तीजका अवसरमा हुने मेला तथा महोत्सवमा विगतमा लाखौँदेखि करोडौँ रुपैयाँसम्मको कारोबार हुने गरेको थियो।

कार्यक्रम स्थगित हुँदा सांस्कृतिक गतिविधिसँगै स्थानीय होटल, रेस्टुरेन्ट, यातायात, कपडा तथा अन्य व्यवसायमा समेत त्यसको अप्रत्यक्ष प्रभाव परेको देखिएको छ। कास्कीका सहायक प्रमुख जिल्ला अधिकारी


**बाँकी अन्तिम पृष्ठमा ▶▶**


## घरपझोङ जलवायु सम्मेलनमा ४२० स्थानीय तह सहभागी हुने

**पोखरापत्र संवाददाता**
मुस्ताङ, २९ भदौं



यही भदौ ३० गते मङ्गलबारदेखि हिमाली जिल्ला मुस्ताङको सदरमुकाम जोमसोममा दुईदिने 'घरपझोङ जलवायु परिवर्तन सम्मेलन' हुँदैछ।

सम्मेलनमा उपस्थितिका लागि ७५३ वटै स्थानीय तहहरूलाई पत्राचार गरिएको थियो। आइतबारसम्म ४२० वटा स्थानीय तहले सहभागिता जनाउने प्रतिबद्धता जनाएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत भीमकुमार बस्नेतले जानकारी दिनुभयो। सम्मेलनमा ३६ वटा जिल्ला समन्वय समितिका तर्फबाट पनि सहभागिता हुनेछ।

जलवायु परिवर्तनले हिमाल, पहाड र तराईका स्थानीय तहमा पुर्‍याएको असर र अनुकूलनलगायतका विषयमा साझा धारण तय गरी राष्ट्रिय तथा अन्तरराष्ट्रिय समुदायको ध्यानाकर्षण गर्न मुस्ताङमा पहिलोपटक ऐतिहासिक रूपमा 'घरपझोङ जलवायु परिवर्तन सम्मेलन'को तयारी गरिएको हो। सम्मेलनका लागि मुस्ताङका अन्य चार पालिकाले पनि सहयोग पुर्‍याइरहेका छन्। सम्मेलनमा भाग लिन कोशी प्रदेशबाट ७२, मधेस प्रदेशबाट ५८, बागमतीबाट ४६, गण्डकीबाट ६४, लुम्बिनीबाट ६२, कर्णालीबाट ३८ र सुदूरपश्चिम प्रदेशबाट ६६ वटा स्थानीय तहले नाम टिपाएका प्रमुख प्रशासकीय अधिकृत बस्नेतले उल्लेख गर्नुभयो।

गाउँपालिका अध्यक्ष मोहनसिंह लालचनले सम्मेलन तयारी अन्तिम चरणमा पुगेको बताउनुभयो।

सम्मेलनको उद्घाटन कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीले गर्नुहुनेछ। यस्तै, गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे विशेष अतिथिका रूपमा सहभागी हुनुहुनेछ।

## बाढीपछिको पुन:स्थापनाका लागि स्रोतको कुनै कमी हुँदैन: प्रधानमन्त्री शाह

**रासस**
काठमाडौं, २९ भदौं

प्रधानमन्त्री वालेन्द्र शाहले रसुवाको भोटेकोशी नदीमा आएको बाढीपछिको पुनःस्थापनाका लागि स्रोतको कुनै पनि कमी हुन नदिने प्रतिबद्धता व्यक्त गर्नुभएको छ।

बाढी प्रभावित क्षेत्रका जनप्रतिनिधिसँग आइतबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा छलफल गर्दै प्रधानमन्त्री शाहले पुनःस्थापनाका लागि सरकारले आफूसँग भएको तथा दातृ निकायले उपलब्ध गराएको स्रोत साधन प्रयोग गर्ने तयारी गरिरहेको बताउनुभएको प्रधानमन्त्रीका प्रेस तथा अनुसन्धान विज्ञ दीपा दाहालले जानकारी दिनुभयो।

उहाँले बाढी प्रभावित स्थानीय तहका जनप्रतिनिधिसँगको सोमबारको छलफल उहाँहरूको मनोबल उच्च राख्न सहयोगी हुने विश्वास व्यक्त गर्नुभयो।

छलफलका क्रममा प्रधानमन्त्री शाहले प्रभावित क्षेत्रका जनप्रतिनिधिबाटै विपद्का बेला सङ्घ, प्रदेश र स्थानीय तहबीचको तत्कालै समन्वय भएको कुरा सुन्न पाउँदा खुसी लागेको बताउनुभयो। उहाँले जनप्रतिनिधिलाई लक्षित गर्दै भन्नुभयो, "यसअघि सङ्घ, प्रदेश र स्थानीय तहबीच समन्वय हुँदैन भन्ने सुन्दै आएका थियौँ, तर यस विपद्मा हामी एकै ठाउँमा उभियौ, मिलेर काम गर्‍यौँ।"

प्रधानमन्त्री शाहले सरकार प्रभावित क्षेत्रमा जतिसक्दो चाँडो सडक सञ्जाल पुनःस्थापना गर्ने गरी निरन्तर काम गरिरहेको उल्लेख गर्नुभयो। उहाँले सडक सञ्जाल सञ्चालनमा आएसँगै प्रभावित पूर्ववत् अवस्थातर्फ स्वतःस्फूर्त फर्कन सहज हुने विश्वास व्यक्त गर्नुभयो।

छलफलका क्रममा प्रधानमन्त्री शाहले आफूहरूले सुरुआतबाटै नदी तटीय क्षेत्रमा रहेका बस्ती जोखिममा रहेको विषय उठाउँदै बताउनुभयो। उहाँले स्थानीय जनप्रतिनिधिले भने जस्तै अब रसुवा बाढीबाट प्रभावित तटीय क्षेत्रमा पुनः बस्ती बसाउन सम्भव नहुने बताउनुभयो। त्यसका लागि सरकारले प्रभावित क्षेत्रबाट नजिकै तर सुरक्षित स्थानमा बस्ती बसाउने गरी तयारी सुरु गरेको जानकारी गराउनुभयो। उहाँले भन्नुभयो, "बस्ती बसाउँदा प्रभावित मानिसहरूको रोजगारी, शिक्षा, स्वास्थ्य, संस्कृतिलगायतलाई ध्यान दिनुपर्छ र पूर्ववत् अवस्था उपलब्ध हुनुपर्छ, खेतीयोग्य जमिन जोगाउँदै, वैज्ञानिक बस्ती व्यवस्थापन गर्नुपर्छ।" यसका लागि प्रधानमन्त्री शाहले आफैँ जग्गाको पहिचान गरी सङ्घ सरकारलाई सिफारिस गर्न स्थानीय जनप्रतिनिधिलाई आग्रह गर्नुभयो। आजको भेट प्रभावित क्षेत्रका जनप्रतिधिसँगको छलफलले त्यहाँको वस्तुस्थिति बुझ्न सहयोग पुगेको प्रधानमन्त्री शाहको भनाइ थियो। आजको भेटमा गृहमन्त्री सुधन


**बाँकी अन्तिम पृष्ठमा ▶▶**


## भोटेकोशी बाढी: चार हजार ८९ अझै बेपत्ता

**रासस**
काठमाडौं, २९ भदौं


भोटेकोशी बाढीमा परी मृत्यु भएकामध्ये हालसम्म एक हजार ३९२ जनाको शव फेलापरेको छ। बाढीमा परी अझै चार हजार ८९ जना सम्पर्कविहीन छन्।

प्रहरी प्रधान कार्यालय नक्सालले सार्वजनिक गरेको पछिल्लो विवरणअनुसार फेलापरेका शवमध्ये ५४२ पुरुष, ३३६ महिला तथा ५१४ वटा शव आंशिक अङ्गसहितका छन्। भेटिएका शवमध्ये हालसम्म १०३ शव आफन्तलाई हस्तान्तरण गरिएको प्रहरीले जनाएको छ।

नेपाल प्रहरीका प्रवक्ता अविनारायण काफ्लेका अनुसार अझै सम्पर्कविहीन रहेकामध्ये स्वदेशीतर्फ दुई हजार ९०७ पुरुष र ५७२ महिला रहेका छन्। यस्तै, विदेशी नागरिकतर्फ २७२ पुरुष, ३२८ महिला सम्पर्कविहीन रहेको प्रहरीले जनाएको छ।

बाढीपछि हालसम्म नौ हजार २८७ जना घाइतेको उद्धार गरिएको छ। जसमा पुरुष छ हजार ४०७, महिला दुई हजार ८३० र पहिचान नखुलेका ५० जना रहेका प्रहरी प्रधान कार्यालयले जनाएको छ। उद्धार गरिएकामध्ये दुई हजार ७८१ जनालाई सुरक्षित रूपमा होल्डिङ सेन्टरमा राखिएको प्रवक्ता काफ्लेले जानकारी दिनुभयो। बेपत्ता व्यक्तिको पहिचान तथा फेलापरेका शवको सनाखत गर्न डिएनए परीक्षणलाई प्राथमिकता दिइएको छ।

भोटेकोशी बाढीपछि ठूलो मानवीय क्षति भएको छ। बेपत्ताको खोजी, उद्धार, शवको पहिचान तथा व्यवस्थापनका लागि नेपाल प्रहरीसहित नेपाली सेना, सशस्त्र प्रहरी बल र सम्बन्धित सरकारी निकाय प्रभावित क्षेत्रमा परिचालित छन्।

# असोज १ देखि प्रौढ पुरुष तथा महिला भलिबल प्रतियोगिता हुने

**पोखरापत्र संवाददाता**
पोखरा, २९ भदौं




पोखरामा असोजको पहिलो साता खुला प्रौढ पुरुष तथा महिला भलिबल प्रतियोगिता हुने भएको छ।

पोखरा १९ लामाचौरमा रहेको गुरुङ मगर समाजले स्थानीय पातीघारी खेल मैदानमा यही असोज १ देखि ४ गतेसम्म प्रतियोगिता आयोजना गर्न लागेको सोमबार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिईएको छ । चार दिनसम्म संचालन हुने प्रतियोगितामा प्रौढ पुरुष, महिला छुट्टाछुट्टै टिमको सहभागिता रहने खेल संयोजक सन्दिप थापा मगरले जानकारी दिए।

हालसम्म पुरुष तर्फ १७ र महिला तर्फ ११ टिम दर्ता भईसकेको र टिम दर्ताको अन्तिम दिनसम्म पुरुष २५ र महिलाका २० टिम सहभागी हुने संयोजक मगरले बताए । देशका जुनसुकै क्षेत्रबाट पनि सहभागिता जनाउन सकिने प्रतियोगितामा ४० बर्ष माथिका पुरुष र ३० वर्ष माथिका महिलाले भाग लिन पाउने बताईएको छ । प्रौढ पुरुषतर्फको विजेताले १ लाख १ हजार, शिल्ड, मेडल र प्रमाणपत्र, उपविजेताले ६१ हजार,शिल्ड, मेडल र प्रमाणपत्र तथा तृतीय हुनेले ३१ हजार नगदसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । त्यस्तै महिलातर्फ विजेताले ५१ हजारसहित शिल्ड, मेडल र प्रमाणपत्र, उपविजेताले ३१ हजार,शिल्ड, मेडल र प्रमाणपत्र र तृतीय हुने टिमले नगद १५ हजारसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्ने समाजका कोषाध्यक्ष सुर्य पुर्जा मगरले जानकारी दिए । विधागततर्फ सर्वोत्कृष्ट खेलाडी, उत्कृष्ट सेटर, ब्लकर, लिब्रो र स्पाईकरलाई नगद पुरस्कार दिईने उनले बताए ।प्रतियोगिताका लागि पुरुषतर्फ ७ हजार र महिलातर्फ ४ हजार ५०० टिम दर्ता शुल्क तोकिएको छ। पत्रकार सम्मेलनमा बोल्दै खेल संयोजक मगरले प्रतियोगिताबाट बचेको रकम मध्ये केही रकम स्थानीय सरकार मार्फत भोटेकोशी बाढी प्रभावितका लागि सहयोग गरिने बताए । उनका अनुसार प्रतियोगिता सम्पन्न गर्न १२ लाख खर्च लाग्ने र बिभिन्न सहयोगदाताबाट १२ लाख ५० हजार रकम संकलन हुने अपेक्षा गरिएको छ।

समाजका अध्यक्ष युग गुरुङले संस्थाले पहिलोपटक कार्यक्रम गर्न लागेको जानकारी दिदैं, यस प्रतियोगिताले खेलकुदमा उमेरले छेक्दैन भन्ने मान्यतालाई स्थापित गर्ने बताए। उनले भलिबल खेलको विकास,संरक्षण तथा प्रर्वद्धनमा यस प्रतियोगिताले टेवा पुर्याउने बताए। प्रतियोगिता सम्पन्न गर्न बिभिन्न खेल संस्था, सहयोगीदाता र संघ संस्थासँग समन्वय भईरहेको सचिव लिलबहादुर क्षेत्रीले जानकारी दिए। समाजका अध्यक्ष युग गुरुङको अध्यक्षतामा भएको पत्रकार सम्मेलनमा भलिबलका राष्ट्रिय रेफ्री राम गुरुङ, प्रचार प्रसार समितिका संयोजक विराज शर्मालगायतले प्रतियोगिताको उद्धयेश्य र नियमका बारेमा चर्चा गरेका थिए। समाजमा गुरुङ, मगर मात्र नभई सबै समुदायको प्रतिनिधित्व रहेको बताईएको छ।

# पोउवा संघको नवनिर्वाचित समितिलाई इलेक्ट्रो मेकानिकल संघको बधाई

**पोखरापत्र संवाददाता**
पोखरा, २९ भदौं




इलेक्ट्रो मेकानिकल संघ कास्कीले सोमबार पोखरा उद्योग वाणिज्य संघको नवनिर्वाचित कार्यसमितिलाई बधाई ज्ञापन गरेको छ।

इलेक्ट्रो मेकानिकल संघ नेपाल कास्की २०५९ साल असोज ६ गते स्थापना भएको विद्युतीय सामानहरु मर्मत गर्ने कर्मवीरहरुको साझा संगठन हो । यो संस्थामा हाल १५६ जना सदस्य संगठित छन् भने तीमध्ये कास्कीमा मात्रै १२५ सदस्य क्रियाशिल रहेको अध्यक्ष बलभद्र नकर्मीको भनाइ छ।

कार्यक्रममा इलेक्ट्रो मेकानिकल संघ कास्कीका अध्यक्ष बलभद्र नकर्मीले पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष शोभा गौतमसहित पदाधिकारी तथा कार्यसमितिलाई खादा र टीका लगाएर बधाइ ज्ञापन गरेका थिए। स्वागत तथा बधाइ ज्ञापन कार्यक्रममा बोल्दै पोखरा उद्योग वाणिज्य संघका नवनिर्वाचित अध्यक्ष शोभा गौतमले विद्युतीय सामग्रीलाई चुस्त दुरुस्त राख्ने इलेक्टो मेकानिकहरुले प्रदान गर्ने सेवा यहाँका उद्योग,पर्यटन तथा वाणिज्य सवै क्षेत्रका निम्ति आवश्यक भएको बताउँदै इलेक्ट्रो मेकानिकका समस्या पोखरा उद्योग वाणिज्य संघको पनि समस्या भएको बताइन् । उनले दक्ष जनशक्ति उत्पादनका तथा इलेक्ट्रो मेकानिकल संघमा आवद्ध सदस्यहरुको दक्षता अभिवृद्धिका निम्ति संघले सक्दो सहयोग गर्ने वचन पनि दिइन् । कार्यक्रम तथा इलेक्ट्रो मेकानिकल संघ कास्कीका अध्यक्ष बलभद्र नकर्मीले संघको स्थापनादेखि हालसम्मका गतिविधि एवं पोखरा उद्योग वाणिज्य संघसँगको सहकार्यबारे चर्चा गर्दै आउँदा दिनमा सहकार्यको परम्परा अझ मजबुत हुने अपेक्षा व्यक्त गरे।

पोखरा उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष दिनेशचन्द्र बास्तोलाले विद्युतीय सामग्रीहरुको सही प्रयोग तथा त्यसको मर्मतका निम्ति विद्युतीय सामान मर्मत गर्ने प्राविधिहरुले दिएको योगदान अतुलनीय रहेको बताए। संघका महासचिव सुदीप प्रधानाङ्गले विद्युतीय सामान मर्मत, प्लम्बिङलगायतका क्षेत्रमा दक्ष जनशक्तिको अभाव रहेको तथ्य पेश गर्दै यस्तो जनशक्ति उत्पादनमा सहकार्य गर्न सकिने धारणा राखे । इलेक्ट्रो मेकानिकल संघ कास्कीका उपाध्यक्ष माधव तिवारीले धन्यवाद ज्ञापन गर्ने क्रममा पोखरा उद्योग वाणिज्य संघले आफ्नो दायरा फराकिलो बनाउँदै इलेक्ट्रो मेकानिकहरुलाई समेट्न आग्रह गरे । इलेक्ट्रो मेकानिकल संघका महासचिव रेशम गुरुङको संचालन रहेको कार्यक्रमकै दौरानमा यही असोज १ र २ गते काठमाडौंमा आयोजना हुने उच्चस्तरको प्राविधिक तालिमका लागि छानिएका संस्थाका सदस्यहरु हजरत बाला अन्सारी,हरि न्यौपाने,सोम गुरुङ तथा मदनकुमार थापालाई बधाइसहित बिदा गरिएको थियो।

# बाँदर नलाग्ने अकबरे खुर्सानीले चम्कायो वालिङको खेती

**पोखरापत्र संवाददाता**
वालिङ, २९ भदौं



स्याङ्जाको वालिङ १३ तारुखोलामा व्यावसायिक रूपमा अकबरे खुर्सानी खेती गरिएको छ। धान, मकैजस्ता खेती गरिँदै आएको जमिनमा व्यावसायिक खुर्सानी खेती थालिएको हो । तारुखोलामा झण्डै ६० रोपनी क्षेत्रफलमा ७० हजारभन्दा बढी अकबरे खुर्सानी लगाइएको हो।

वालिङ नगरपालिकामा सञ्चालित कृषि विकास परियोजनाअन्तर्गत केदारनाथ कृषि फार्ममार्फत व्यावसायिक रूपमा खुर्सानी खेती गरिएको फार्मका सञ्चालक दयाराम पाठकले बताउनुभयो। धान, मकैलगायतका खाद्यान्न बालीबाट भन्दा खुर्सानीबाट राम्रो आम्दानी हुने र बाँदरले पनि क्षति नगर्ने भएकाले व्यावसायिक रूपमा खुर्सानी खेती अघि बढेको हो।

“गत फागुनमा लगाएको अकबरे खुर्सानीले अहिले उत्पादन दिन थालेको छ,” सञ्चालक पाठकले भन्नुभयो, “उत्पादन भएको जति सबै बजार पठाउने गरेका छौँ, मागअनुसार बजारमा पुऱ्याउन सकेका छैनौँ।”

हाल दुई-तीन दिनको अवधिमा झण्डै ३०० केजी पाकेको खुर्सानी टिपेर बिक्री गर्ने गरिएको छ। यहाँ उत्पादन भएको खुर्सानी यशोदा फुड्स प्रालिसहित, बुटवलस्थित तरकारी मण्डी र स्थानीय बजारमा सहजै खपत हुने गरेको उहाँले बताउनुभयो । “खुर्सानी प्रतिकेजी रु २२० का दरले बिक्री भइरहेको छ,” उहाँले भन्नुभयो, “यहाँ उत्पादन भएको खुर्सानीले राम्रो बजार पाएको छ, बजारको समस्या छैन, उत्पादन निरन्तर भइरहेको छ।”

पहिलो पटक व्यावसायिक रूपमा खुर्सानी उत्पादन गरिएकाले आगामी दिनमा अझै क्षेत्र विस्तार गर्दै लैजाने तयारी भएको छ । वालिङ नगरपालिकामा रहेको कृषि विकास परियोजना (हेफर) ले कृषि प्राविधिक, मल्चिङ प्लास्टिक, मल, सुकाउने मेसिनहरू उपलब्ध गराएको छ।

“खेतमा खुर्सानी पाक्ने, टिप्ने क्रम जारी छ, कामदार लगाएर खुर्सानी टिपिरहेका छौँ,” उहाँले भन्नुभयो, “गर्न सकेको खण्डमा आफ्नै गाउँठाउँमा खेर गएको जमिनबाट पनि राम्रो आम्दानी लिन सकिने रहेछ ।” हालसम्म झण्डै सात लाखको खुर्सानी बिक्री भएको छ। यहाँ खुर्सानीसँगै माछापालन, कागती खेती पनि गरिएको छ। उत्पादित खुर्सानी, कागती, माछालगायतका कृषिजन्य उत्पादित वस्तुहरू फार्ममै रहेको सवारीसाधनमार्फत कृषक तथा व्यापारीकामा ढुवानी गरिदिने भएपछि व्यापारी तथा उपभोक्ताहरूलाई सहज भएको छ।

# 'हरितालिका तीज महिला स्वतन्त्रताको भावना मुखरित गर्ने पर्व'

**पोखरापत्र संवाददाता**
पोखरा, २९ भदौं

गण्डकी प्रदेशका प्रदेश प्रमुख डिल्लीराज भट्टले नेपाली हिन्दू महिलाहरूको महान् पर्व हरितालिका (तीज) महिला मुक्ति तथा स्वतन्त्रताको भावना मुखरित गर्ने पर्व भएकाले छुट्टै महत्व बोकेको बताउनुभएको छ।

तीजका अवसरमा सोमबार शुभकामना सन्देश जारी गर्दै भट्टले सांस्कृतिक सहिष्णुता र सामाजिक एकताको प्रतीकका रुपमा रहेको यस पर्वले नेपालीलाई एकताको सूत्रमा आबद्ध गरी धार्मिक सहिष्णुता तथा सद्भाव कायम गर्नुका साथै एकआपसमा खुसी साटासाट र मनोरञ्जनको अवसरसमेत प्रदान गर्दै आएको उल्लेख गर्नुभएको छ।

'तीज पर्वले समाजका हरेक क्षेत्रमा महिलाको समान पहुँचलाई अझ सशक्तरूपमा अघि बढाउँदै सामाजिक, सांस्कृतिक एकता तथा पारिवारिक सम्बन्धहरू थप सुमधुर बनाउन योगदान गर्ने विश्वास व्यक्त गर्दछु।' उहाँले भन्नुभएको छ।

शुभकामना सन्देशमा उल्लेख छः 'चाडपर्वसँग गाँसिएका धार्मिक र सांस्कृतिक पक्षको समयानुकूल जगेर्ना गर्ने तथा विकृति र विसङ्गतिहरू न्यून गर्दै लैजाने कार्यमा क्रियाशील रहन सम्बद्ध सबैमा म हार्दिक आह्वान गर्दछु।

नेपाली मौलिक संस्कृति सम्वर्द्धन गर्दै संस्कारयुक्त आदर्श सामाजिक वातावरण तयार गर्न र सदाचार जीवनशैली अपनाउन अपिल गर्दछु।'

# बाढीपछिको ...

गुरुङ, पूर्वाधार विकासमन्त्री सुनिल लम्साल, नुवाकोटका प्रतिनिधिसभा सदस्य एवं सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिना र नुवाकोटबाटै निर्वाचित अर्का प्रतिनिधिसभासभा सदस्य अच्युतम लामिछाने सहभागी हुनुहुन्थ्यो । साथै नुवाकोटको विदुर नगरपालिकाका प्रमुख राजन श्रेष्ठ, बेलकोटगढी नगरपालिकाका प्रमुख जगतबहादुर गुरुङ, किस्पाङ गाउँपालिकाका अध्यक्ष विरबल तामाङ र तारकेश्वर गाउँपालिकाका अध्यक्ष शिव अधिकारी, रसुवाको उत्तरगया गाउँपालिकाका अध्यक्ष माधवप्रसाद अर्याल, कालिका गाउँपालिकाका अध्यक्ष हरिकृष्ण देवकोटा र आमाछोदिङमो गाउँपालिकाका अध्यक्ष बुचुङ तामाङ सहभागी हुनुहुन्थ्यो।

साथै धादिङको गल्छी गाउँपालिकाका अध्यक्ष केदारनाथ खतिवडा, सिद्धलेक गाउँपालिकाका अध्यक्ष परशुराम खतिवडा, गजुरी गाउँपालिकाका अध्यक्ष गणेशलाल श्रेष्ठ र बेनीघाट रोराङ गाउँपालिकाका अध्यक्ष कृष्णबहादुर थपलिया (विवेक), तनहुँको देवघाट गाउँपालिकाका अध्यक्ष तिलबहादुर थापा र आँबुखैरेनी गाउँपालिकाका अध्यक्ष शुक्र चुमान तथा गोरखाको गण्डकी गाउँपालिकाका अध्यक्ष दिपक तिमिल्सिना (साकार) पनि छलफलमा सहभागी हुनुहुन्थ्यो।

## सार्वजनिक शौचालयको निर्माण र व्यवस्थापन गरौं

- सार्वजनिक शौचालयको निर्माण तथा नागरिकको पहुँच विस्तार गरौं,
- सार्वजनिक शौचालयको जिम्मेवारीपूर्वक प्रयोग गरौं,
- फोहोर, प्लास्टिक वा अन्य वस्तु शौचालयमा नफालौं,
- साबुनपानीले हात धुने बानी अपनाई व्यक्तिगत सरसफाइमा ध्यान दिऔं,
- सार्वजनिक सम्पत्तिको सम्मान गर्दै क्षति पुग्ने कार्य नगरौं,
- शौचालय स्वच्छ राखी रोगको संक्रमण न्यूनीकरणमा योगदान दिऔं,
- सार्वजनिक शौचालय सफा राखौं, सभ्य नागरिकको परिचय दिऔं।

स्वच्छ शौचालय, स्वस्थ समुदाय र सभ्य समाज निर्माणमा सबैले सहयोग गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# तीजमा ...

चित्राङ्गत बरालले विपद्का बेला मेला तथा महोत्सव नगर्न प्रशासनले आग्रह मात्र गरेको अवस्थामा आयोजक, संघसंस्था र सर्वसाधारणले त्यसलाई सकारात्मक रूपमा लिएर साथ दिएको बताउनुभयो । 'विपद्को समयमा धेरै संघसंस्था र महिला दिदीबहिनीहरूले तीजको दर तथा मेला-महोत्सव स्थगित गरेर प्रधानमन्त्री राहत कोषमा सहयोग गर्नुभएको छ। आगामी दिनमा पनि देशको घटना र वस्तुस्थितिलाई मध्यनजर गरेर मात्र यस्ता कार्यक्रम सञ्चालन गर्न आग्रह गर्दछौं,' उहाँले भन्नुभयो।

यस वर्षको तीजले पोखरामा उत्सवभन्दा पनि विपद्मा परेका नागरिकप्रतिको ऐक्यबद्धता र मानवीय संवेदनालाई प्राथमिकता दिएको सन्देश दिएको छ। तिजको अवसरमा करिब एक महिना अघिदेखि पार्टी प्यालेस रेष्टुरेण्टहरुमा दिदी बहिनीको चहलपहल हुने गरेको भए पनि यस बर्ष निकै कम भएको थियो। त्यसै गरी सुन चादी पसलहरुमा पनि यस बर्षको तिजमा खासै चहल पहल भएन्।

# एसियाली खेलकुद: क्रिकेटमा नतिजा बदल्ने लक्ष्यमा नेपाल

**रासस**
काठमाडौं, २९ भदौं

एसिसी प्रिमियर कप विजेता नेपाली पुरुष राष्ट्रिय क्रिकेट टोलीले लगत्तै अब २० औँ संस्करणको एसियाली खेलकुदमा प्रतिस्पर्धा गर्ने तालिका छ।

असोज ३ गतेदेखि जापानमा आयोजना हुन लागेको प्रतियोगितामा क्रिकेटतर्फ नेपालको पुरुष टोलीले प्रतिस्पर्धा गर्न लागेको हो । एसियाली खेलकुदमा क्रिकेटमा नेपालको यो चौथो सहभागिता हो। नेपाली टोलीले यसअघि सन् २०१०, २०१४ र २०२३ को एसियाली खेलकुदमा भाग लिएको थियो । ती तीनवटै संस्करणमा नेपालले क्वार्टरफाइनलसम्मको यात्रा गरेको थियो । यसपालि टोली उच्च लयमा रहेका कारण क्वार्टरफाइनलभन्दा माथि पुग्नसक्ने खेलाडी र खेल विश्लेषकको अनुमानमा छ । राष्ट्रिय क्रिकेट टोलीका पूर्वखेलाडी शक्ति गौचन यसपटक नेपालले विगतभन्दा उत्कृष्ट प्रदर्शन गर्ने विश्वास व्यक्त गर्नुहुन्छ । “विगतको संस्करणमा हामी एसियन गेम्सको क्वार्टरफाइनलसम्म पुगेका थियौँ । हामीले त्यति नै गर्न सक्यौँ । अहिलेको टोलीसँग त्योभन्दा राम्रो नतिजा निकाल्ने क्षमता छ,” गौचनले राससँग भन्नुभयो, “एसियन गेम्समा क्रिकेटतर्फ नेपाल क्वार्टरफाइनलभन्दा माथि पुग्ने सम्भावना धेरै छ। केही दिनअघि एसिसी प्रिमियर कपमा उपाधि जितेका कारण पनि टोलीमा आत्मविश्वास बढेको छ।”

समूह चरणमा उत्कृष्ट प्रदर्शन गर्न सके क्वार्टरफाइनलमा बलियो टोलीसँग प्रतिस्पर्धा गर्न पाइने भएकाले टोलीले उच्च मनोबलका साथ खेल्नुपर्ने उहाँको भनाइ छ । “हामीले गोल्ड मेडलको आशा गरेर खेल्नुपर्छ । क्रिकेटमा त्यो सम्भावना पनि छ । टी-२० ढाँचामा जुन टोलीले जसलाई पनि हराउन सक्छ,” राष्ट्रिय खेलकुद परिषद् (राखेप)का सदस्य रहनुभएका गौचनले भन्नुभयो, “एसियन गेम्स ठूलो प्रतियोगिता भएकाले खेलाडीसामु आफ्नो क्षमता देखाउने अवसर पनि हो । केही वर्षयता टी-२० आई क्रिकेटमा लगातार राम्रो गरिरहेकाले आसन्न एसियन गेम्समा पनि नेपालले राम्रो नतिजा ल्याउनेछ।”

उहाँले आफूले एसियन गेम्स खेल्दाको अनुभव पनि सुनाउनुभयो । “मैले तीन संस्करणमध्ये सन् २०१४मा भएको एसियन गेम्समा खेल्ने मौका पाएको थिए। त्यतिबेला हामीले क्वार्टरफाइनलसम्मको यात्रा गरेका थियौँ । अफगानिस्तानसँगको हारले यात्रा रोकिएको थियो । यसपालि नेपालले समूह चरणमै अफगानिस्तानसँग खेल्दैछ, आशा छ टोलीले उच्चस्तरको प्रदर्शन गर्नेछ,” गौचनले भन्नुभयो, “त्योबेला र अहिले नेपाली क्रिकेटमा धेरै परिवर्तन छ । टी-२० ढाँचाका लागि हामीसँग खेलाडीको विकल्प बढेको छ। टोलीको वरीयतादेखि अन्य पक्षमा धेरै सुधार भएको छ।”

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।

– थमस हाडी

## सम्पादकीय

# कांग्रेस एकताको लागि दुबै लचक बन

नेपाली काङ्ग्रेसको १५ औं महाधिवेशन दुई समुहले छुट्टाछुट्टै कार्यतालिका सार्वजनिक गरेका छन । गगन थापा समूहले असोज ३ गतेदेखि वडा अधिवेशन गर्दैछ । १४औं महाधिवेशनबाट निर्वाचित केन्द्रीय सदस्यलाई सोही हैसियतमा सहभागी गराइने निर्णय गरेको भोलिपल्टै चुनदेवीमा पत्रकार सम्मेलन गर्दै त्यसलाई ठाडै अस्वीकार गरिएको छ । संस्थापन समूहको सानेपामा बसेको बैठकपछि महामन्त्री प्रदिप पौडेलले जारी गरेको विज्ञप्तिमा भनिएको छ-महाधिवेशन पार्टीको सर्वोच्च निकाय हो । कुनै असहमति भएमा आफ्नो मत राख्ने र समाधान खोज्ने स्थान महाधिवेशनमा नै हो । अतः पार्टीका कोही पनि साथीहरू महाधिवेशन प्रक्रियामा नछुटुन् र पार्टीमा रहन चाहने प्रत्येक सदस्यले भाग लिने वातावरण बनोस् भन्ने नेपाली कांग्रेस चाहन्छ ।

१५औं महाधिवेशनको प्रक्रियामा असोज ३ र ४ गते हुने वडा अधिवेशनमा सहभागी हुन उत्साही पार्टीका सबै साथीहरूप्रति यो बैठक सम्मान व्यक्त गर्दछ । यस सन्दर्भमा १५औं महाधिवेशन प्रक्रियामा सहभागी हुँदा विशेष केन्द्रीय महाधिवेशन सम्पन्न हुनुपूर्व पार्टीका तत्कालीन केन्द्रीय कार्य समितिका साथीहरूलाई केन्द्रीय कार्यसमितिको सदस्यको हैसियतमा सहभागिताका लागि विधान बमोजिम आवश्यक प्रबन्ध गर्ने निर्णय यो बैठक गर्दछ । यो निर्णयले तत्कालीन कार्यवाहक सभापति पूर्णबहादुर खड्का समूहमा रहेका केन्द्रीय सदस्यसहितका नेताहरु महाधिवेशन प्रक्रियामा भाग लिने निष्कर्षमा पुगेका छन् । तर खड्काले आफूले सर्वोच्च अदालतमा रिट दायर गरेका कारण महाधिवेशन प्रक्रियामा भाग नलिएर तटस्थ बस्ने जनाएका छन् । इतर समूहमा रहेका नेता शेखर कोइराला पनि चुनदेवी जान छाडेका छन । संस्थापनले सबैलाई मिलाउने भन्दा लोभ देखाएर तान्ने नीति लिएको छ । चार महिना पहिले पूर्णबहादुर खड्का र डा. कोइरालाले पार्टी एकताका लागि राखेका प्रस्ताव त्यसबेला गगन थापाले मानेनन् । बेला घर्केपछि तान्ने शैली काङ्ग्रेसमा देखिन्छ । सबै पक्षलाई मिलाउन र महाधिवेशनमा क्रियाशील छानबिन कसले गर्ने ? महाधिवेशनपछि छानबिन गर्ने हो ? ३ गतेअघि नै छानबिन गर्नुपर्‍यो । हामी कतै पनि सहभागी छैनौं । मंसिरमा महाधिवेशन गरौं प्रस्ताव राख्दा पनि मानेनन् । उनका अनुसार केन्द्रीय सदस्य रहेका प्रेमबहादुर खड्कालाई नै महाधिवेशन गराउने जिम्मेवारी दिइँदा त्यसको तटस्थतामा प्रश्न उठेको छ । उनले ३ गतेदेखि अधिवेशन भनेर अहिले निर्णय गर्दा त्यसको गम्भीर असर पर्नेछ । उनले पनि आफू निकटका नेताहरुले स्वतन्त्र तरिकाले निर्णय गृपत्रकार सम्मेलन गर्दै इतर समूहका संयोजक डा. शशांक कोइरालाले दुईवटा सर्त थपेका छन् । उनले नेपाली कांग्रेसको जारी कार्यतालिका स्थगन गर्न र सर्वोच्चको निर्णय सबैले मान्नका लागि तयार हुनुपर्ने दुई प्रस्ताव राखेका हुन् ।

त्यसको विकल्पमा संस्थापन पक्षले १४औं महाधिवेशनका केन्द्रीय समितिलाई केन्द्रीय सदस्यकै रुपमा महाधिवेशनमा सहभागी गराउने प्रस्ताव अस्वीकार्य हुने प्रस्ट पारेका छन । "पार्टीको आधिकारिकता सम्बन्धी विषय सम्मानित सर्वोच्च अदालतमा विचाराधीन रहेको अवस्थामा पार्टीको अधिवेशन र महाधिवेशनको एकतर्फी रूपमा घोषणा गरिएको कार्यतालिका स्थगन गरेर सर्वोच्च अदालतको निर्णयको प्रतीक्षा गरी सबैले निर्णय मानेर अघि जानुपर्छ । एकलौटीरुपमा अगाडि बढ्नु कुनै पनि हालतमा उचित मान्न सकिन्न ।" सो समूहले असोज ३ गतेदेखि हुन लागेको महाधिवेशन प्रक्रियामा सहभागी नहुने जनाएको छ । असोज ३ गतेदेखिको महाधिवेशनमा भाग नलिने र मंसिरमा आफूहरुले गर्न लागेको महाधिवेशनमा भाग लिन पनि कार्यकर्तालाई अपिल गरिएको छ । देशको पुरानो लोकतान्त्रिक दल भित्र उत्पन्न समस्याको हल दुवै पक्ष लचक भए मात्र सहज होला।पार्टी एकता जोगाउन नेतृत्व लचक हुनुपर्छ । नेतृत्व प्रति विश्वास जगाउने बनाउन सबैले आ आफ्नोतर्फबाट योगदान आबश्यक छ ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : ब्यापारमा लाभ | तुला | : कार्यमा सफलता |
| वृष | : झमेला बढ्ने | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : स्वास्थ्यमा सुधार | धनु | : शारीरिक झमेला |
| कर्कट | : शुभ यात्रा | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : मानसिक तनाब |
| कन्या | : शत्रुको भय | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।


# 'धवलागिरिको इच्छा, गरिखाने शिक्षा'

**पोखरापत्र संवाददाता**
म्याग्दी, २९ भदौं

म्याग्दीको धवलागिरि गाउँपालिका-७ मा रहेको ताकम माध्यमिक विद्यालयलले तरकारी खेती सुरु गरेको छ ।

विद्यालयको दिवाखाजा, छात्रावासका लागि आवश्यक पर्ने ताजा तरकारी आफ्नै करेसाबारीमा फलाउने, विद्यार्थीहरूलाई प्राविधिक र व्यावसायिक ज्ञान सीप सिकाउने उद्देश्यले तरकारी खेती सुरु गरेको हो । ताकम माविका प्रधानाध्यापक केशर रावलले टनेल बनाएर मौसमी र बेमौसमी तरकारी खेती सुरुआत गरेको जानकारी दिनुभयो । "विद्यार्थी र शिक्षकहरूले फुर्सदको समयमा प्रयोगात्मक अभ्यासका लागि पहिलो चरणमा एउटा टनेलमा बन्दा, काउली र गाजर लगाएका छौं," उहाँले भन्नुभयो, "थप जमिनमा हिउँदे आलु र साग प्रजातिका तरकारी लगाउने तयारीमा छौं ।" ताकमको मैदानमा रहेको तीन रोपनीभन्दा बढी क्षेत्रफलको जग्गामा तरकारी खेतीलाई निरन्तरता दिने विद्यालयको योजना छ। कक्षा ६ देखि १० सम्म अध्ययन गर्ने विद्यार्थीहरूलाई तरकारी खेतीमा सहभागी गराइएको छ । तरकारी खेतीका लागि गाउँपालिकाले 'धवलागिरिको इच्छा, गरिखाने शिक्षा' कार्यक्रममार्फत आर्थिक वर्ष २०८२/८३ मा रु एक लाख ५० हजार सहयोग गरेको छ। दातृ संस्था 'गुड नेवर्स इन्टरनेसनल'को सहयोगमा सङ्गम म्याग्दीतर्फबाट सञ्चालिक एकीकृत सामुदायिक विकास परियोजनाले प्राङ्गारिक प्रविधिबाट खेती गर्ने तरिकाका विषयमा प्राविधिक सहयोग गरेको छ । उक्त परियोजनाले करेसाबारी कार्यक्रममार्फत थप सहयोग गर्ने जनाएको प्रअ रावलले बताउनुभयो। कक्षा आठ देखि १२ सम्म इलेक्ट्रिक इञ्जिनियरिङ विषयको पठनपाठन हुने ताकम माविमा २२१ जना विद्यार्थी अध्ययनरत छन् । विद्यार्थीहरूले पढ्दै कमाउने सीप सिक्ने, बाँझो जग्गा र फुर्सदको समय सदुपयोग हुने, छात्रावासमा आवश्यक तरकारी किन्नु नपर्ने र खर्च बचत हुने भएकाले यो कार्यक्रम प्रभावकारी हुने अपेक्षा गरिएको छ।

# बेनीका महिला प्रसूति सेवा लिन सधैँ स्वास्थ्य संस्थामा

**पोखरापत्र संवाददाता**
म्याग्दी, २९ भदौं

बेनी नगरपालिकाले घरमा प्रसूति हुनेको सङ्ख्यालाई लगातार चौथो वर्ष शून्यमा कायम राखेको छ। आर्थिक वर्ष २०७८/७९ यता बेनी नगरपालिकामा घरमा सुत्केरी हुनेको सङ्ख्या शून्य छ । घरमै बच्चा जन्माउँदा आमा र बच्चाको ज्यान जोखिममा पर्नुका साथै स्वास्थ्य समस्या हुनसक्ने भएकाले पालिकाले सुरक्षित प्रसूति सेवालाई प्राथमिकता दिएको हो ।

प्रसूतिका कारण हुने जोखिम न्यूनीकरण गरी बच्चा र आमाको स्वास्थ्यमा सुधार ल्याउन गरेको प्रयास स्वरुप घरमा प्रसूति हुनेको सङ्ख्या लगातार चौथो वर्ष शून्य कायम गर्न सफल भएको नगर प्रमुख सुरत केसीले बताउनुभयो । "बेनी नगरपालिकामा बसोबास गर्ने शतप्रतिशत गर्भवतीहरूले पछिल्लो तीन वर्षयता स्वास्थ्य संस्थामा पुगेर दक्ष स्वास्थ्यकर्मीबाट प्रसूति सेवा लिएका छन्," उहाँले भन्नुभयो ।

# एक सय ८४ हप्तादेखि निरन्तर हाटबजार

**पोखरापत्र संवाददाता**
तनहुँ, २९ भदौं



तनहुँको आँबुखैरेनी गाउँपालिका-३ मा सञ्चालन हुँदै आएको साप्ताहिक हाटबजार १८४औं हप्ता पुगेको छ। हाटबजार किसानका उत्पादन सहज रूपमा बारीबाट बजारसम्म पुर्‍याउने माध्यम बनेको छ । विसं २०७९ फागुनदेखि सुरु भएको यो हाटबजार अहिले स्थानीय बासिन्दा, किसान र साना व्यवसायीका लागि महत्त्वपूर्ण केन्द्रका रूपमा स्थापित भएको छ।

हरेक शुक्रबार लाग्ने यस हाटबजारमा बिहानैदेखि चहलपहल सुरु हुन्छ। गाउँघरमा उत्पादन भएका तरकारी, फलफूल, अन्नबाली, दाल, अचार, घिउ, मह, घरेलु परिकारदेखि लिएर हस्तकलाका सामग्रीसम्म बिक्रीका लागि ल्याइन्छन्। स्थानीय महिलाले तयार पारेका परम्परागत खाद्य परिकार पनि यहाँ विशेष आकर्षण बन्ने गरेका छन् । गाउँपालिकाका कृषि शाखा प्रमुख सन्तोष केसीका अनुसार हाटबजारले किसानलाई आफ्नो उत्पादन सिधै उपभोक्तासम्म पुर्‍याउने अवसर दिएको छ। "स्थानीय उत्पादनलाई बजारसँग जोड्ने प्रभावकारी माध्यम बनेको छ", उहाँले भन्नुभयो । बिचौलियाबिना बिक्री हुने भएकाले किसानले उचित मूल्य पाउने र उपभोक्ताले ताजा सामान सस्तोमा पाउने अवस्था बनेको उहाँको भनाइ छ।

आँबुखैरेनी गाउँपालिका-५ छिम्केश्वरीकी किसान सुकमाया चेपाङ पनि नियमित रूपमा हाटबजारमा सामान बेच्न आउनुहुन्छ। उहाँले गाउँमा उत्पादन भएको सागसब्जी, कोदो, मकै, घिउलगायतका सामग्री ल्याएर बिक्री गर्नुहुन्छ । "पहिले सामान बेच्न बजार टाढा जानुपर्थ्यो, खर्च पनि बढी हुन्थ्यो। अहिले यतै बेच्न पाइन्छ, आम्दानी पनि बढेको छ", उहाँले खुसी व्यक्त गर्नुभयो। स्थानीय बासिन्दाका अनुसार हाटबजारले केवल व्यापारमात्र होइन, सामाजिक भेटघाटको थलोका रूपमा पनि काम गरिरहेको छ। शुक्रबार आउँदा गाउँभरिका मानिस भेटिन्छन्, कुराकानी हुन्छ, नयाँ जानकारी साटासाट हुन्छ । यसले गाउँमा चहलपहल बढाएको छ। साढे तीन वर्षको अवधिमै हाटबजार स्थानीय अर्थतन्त्र चलायमान बनाउने आधार बनेको गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले बताउनुभयो। उहाँका अनुसार गाउँपालिकाले सुरु गरेको यो पहल अहिले किसान, साना व्यवसायी र उपभोक्ताबीचको प्रत्यक्ष सेतु बनेको छ । "स्थानीय उत्पादनलाई बजार नपाउँदा किसान निरास हुने अवस्था थियो, अहिले भने गाउँमै बिक्री हुने वातावरण बनेको छ", अध्यक्ष चुमानले भन्नुभयो । हाटबजारले ग्रामीण अर्थतन्त्रमा नगद प्रवाह बढाएको र घरमै उत्पादन गरेर आम्दानी गर्ने संस्कार बलियो बनाएको उहाँको भनाइ छ । उहाँले हाटबजारलाई केवल किनबेच गर्ने स्थानमात्र नभई स्थानीय उत्पादन प्रवर्द्धन, स्वरोजगार सृजना र सामुदायिक जमघटको थलोका रूपमा पनि लिनुपर्ने बताउनुभयो । किसानको उत्पादनले उचित मूल्य पाउने, उपभोक्ताले ताजा सामान पाउने र गाउँमा आर्थिक गतिविधि बढ्ने भएकाले स्थानीयवासी यसलाई 'गाउँको सानो बजार, ठूलो सहयोग' भन्दै प्रशंसा गर्छन् । हाटबजारमा स्थानीय मह, गोलभेँडा, सिस्नु, गिठ्ठा, अमला, बेथेको साग, फर्सीको मुन्टा, दही, मोही, सिब्लीगानलगायतका दैनिक उपभोग्य वस्तु बिक्री वितरण गर्ने व्यवस्था मिलाइएको छ।


**गण्डकी प्रदेश, सरकार**
**कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय**
**पशुपन्छी अनुसन्धान, विकास तथा प्रशिक्षण केन्द्र**
**पोखरा, नेपाल**

## प्रस्ताव आव्हानको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति: २०८३/०५/३०**

यस पशुपन्छी अनुसन्धान, विकास तथा प्रशिक्षण केन्द्रको आ.व.२०८३/०८४ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार देहाय बमोजिमका कार्यक्रमहरू कार्यान्वयनको लागि आवश्यक कागजात सहित साझेदारी गर्न ईच्छुक आवेदकहरूबाट प्रस्ताव पेश गर्न यस प्रशिक्षण केन्द्र वा जिल्ला स्थित भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालयहरूमा सम्बन्धित कार्यक्रमहरुको मापदण्डहरूमा तोकिएका ढाँचा अनुसार सूचना प्रकाशन भएको मितिले ३० दिनभित्र प्रस्ताव दर्ता गर्नुहुन सबैलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। यस सूचनामा प्रकाशित कार्यक्रमहरुको लागि मापदण्डमा उल्लेखित भएको तथा माग वमोजिम कागजातहरू नभएमा वा रित नपुगेको वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनोटका लागि समावेश नहुने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ।

| क्र.स. | कार्यक्रमको नाम | आवेदक | कुल बजेट रु | साझेदारी प्रतिशत | साझेदारी हुने रकम | आवश्यक मापदण्डहरू |
|---|---|---|---|---|---|---|
| १ | सार्बजानिक/निजि/समुदायको सहकार्यमा व्यवसायिक पशुपन्छी उत्पादन प्रवर्धन कार्यक्रम अन्तर्गत<br>क. दुग्ध चिस्यान स्थापना तथा सुदृढिकरण सहयोग कार्यक्रम<br>ख. कोल्ड रुम स्थापन कार्यक्रम<br>ग.पशुपन्छी वधस्थल निर्माण/सुधार<br>घ. मिट मार्ट निर्माण/सुधार<br>ङ. मिल्क एनालाईजर सेट खरिद तथा जडान | समूह/ समिति/ सहकारी/ संघ / संस्था/ फर्म/ कम्पनी | १ करोड ५० लाख मात्र | निजिको हकमा बढिमा ५० प्रतिशत र समुह/ समिति/ सहकारीको हकमा बढिमा ७५ प्रतिशत | मिल्क एनालाईजरको हकमा प्रति आयोजना बढिमा रु ३ लाख अन्यको हकमा प्रति आयोजना बढिमा रु. १० लाख | सहकार्यमा पशु विकास कार्यक्रम संचालन मापदण्ड २०८२ तथा<br>क. दुग्ध चिस्यान केन्द्र स्थापना संचालन मापदण्ड २०७७<br>ख. कोल्ड स्टोर/ कोल्ड रुम निर्माण कार्यक्रम संचालन मापदण्ड, २०७७<br>ग. सहकार्यमा वधस्थल निर्माण वा सुधार कार्यक्रम संचालन मापदण्ड २०७७<br>घ. मिट मार्ट स्थापना कार्यक्रम संचालन मापदण्ड २०७७ |

**आवश्यक कागजातहरू:**

क) बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७ को अनुसूची-३ अनुसारको निवेदन ।
ख) सम्बन्धित कार्यक्रमहरुको कार्यक्रम सञ्चालन मापदण्ड अनुसारको संक्षिप्त कार्ययोजना ।
ग) आवेदकको दर्ता प्रमाण पत्र र PAN/VAT दर्ता प्रमाण पत्रको प्रतिलिपि ।
घ) गत आर्थिक वर्षको लेखापरिक्षण प्रतिवेदन र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।
ङ) नवीकरण गर्नुपर्ने भएमा नवीवरण प्रमाणपत्रको प्रतिलिपि ।
च) समूह/समिति/सहकारी/संघ/संस्थाको हकमा संचालक समितिको बैठक निर्णयको प्रतिलिपि ।
छ) सम्बन्धित स्थानीय तहको पशु सेवा शाखा र भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालयहरूको सिफारिस ।
ज) प्रस्तावित निर्माण स्थलको जग्गाधनी पुर्जाको प्रतिलिपि र जग्गा करारमा लिई कार्यक्रम संचालन गर्नेको हकमा न्यूनतम १० वर्षको लागि प्रचलित कानून बमोजिम भएको करार सम्झौताको प्रतिलिपि ।
झ) अघिल्ला दुई आर्थिक वर्षमा कुनै कार्यालयबाट अनुदान प्राप्त गरे वा नगरेको स्वघोषणा पत्र ।
ञ) सामाजिक धार्मिक तथा पर्यावरणमा असर वा क्षति नगर्ने प्रतिवद्धत पत्र ।

प्रस्तावको ढाँचा तथा कार्यक्रम कार्यान्वयन कार्यविधि र मापदण्ड यस केन्द्रको वेभसाईट ltcpokhara.gov.np बाट डाउनलोड गर्न सकिन्छ ।

**जानकारीको लागि: ईमले lrdtcgandaki.gov@gmail.com तथा सम्पर्क नं.: ०६१-५७४१९५**

# राष्ट्रिय बाल दिवस र हाम्रो जिम्मेवारी



मीन बहादुर साउद

बालापन जीवनको सबैभन्दा कोमल, सुन्दर, संवेदनशील र सिर्जनशील समय हो। यही उमेरमा बालबालिकाले संसारलाई चिन्न सिक्छन्, सपना देख्न थाल्छन् र आफ्नो भविष्यको आधार तयार गर्छन्। उनीहरूको आँखामा देखिने सपना केवल व्यक्तिगत सपना होइन; ती सपना भोलिको समाज, राष्ट्र र विश्वको सम्भावित रूपरेखा पनि हुन्। त्यसैले बालबालिकाको बालापन सुरक्षित राख्नु भनेको उनीहरूको आजलाई मात्र सुरक्षित गर्नु होइन, समग्र राष्ट्रको भविष्यलाई सुरक्षित गर्नु हो।

यही गहन यथार्थलाई आत्मसात् गर्दै नेपालमा प्रत्येक वर्ष भदौ २९ गते राष्ट्रिय बाल दिवस मनाइन्छ। राष्ट्रिय बाल दिवस २०८३ को नारा "बालापनको रक्षाः भविष्यको सुरक्षा" रहेको छ। यो नारा आजको परिस्थितिमा झनै अर्थपूर्ण र सान्दर्भिक देखिन्छ। बालबालिकालाई हिंसा, शोषण, भेदभाव, बालश्रम, बालविवाह, दुर्व्यवहार र विभिन्न जोखिमबाट जोगाउँदै पोषण, शिक्षा, स्वास्थ्य, खेलकुद, सिर्जनशीलता र सहभागिताको अवसर प्रदान गर्नुनै यस नाराको मूल मर्म हो।

**बाल दिवसको ऐतिहासिक पृष्ठभूमि**

नेपालमा बाल दिवस मनाउने परम्परा वि.सं. २०२१ साल भदौ ४ गतेबाट सुरु भएको मानिन्छ। तत्कालीन रानी रत्नराज्यलक्ष्मी देवी शाहको जन्मदिनको अवसर पारेर नेपाल बाल संगठन स्थापना तथा बालबालिकाको संरक्षण र कल्याणका गतिविधि सञ्चालन गर्ने क्रममा बाल दिवस मनाउन थालिएको थियो। समयको क्रमसंगै बदलिदो राजनैतिक परिवेश, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय घटना क्रम, बालबालिका सम्बन्धि कानुन आदिका कारण बाल दिवस मनाउने अवधारणामा पनि परिवर्तन आयो। कुनै व्यक्तिविशेषको जन्मदिनसँग जोडिएको दिवस क्रमशः बालबालिकाको अधिकार, संरक्षण, विकास र सहभागितालाई मध्यनजरगर्दै राष्ट्रिय अभियानका रूपमा विकसित भयो। नेपालले बाल अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धि १९८९ लाई सन् १९९० को सेप्टेम्बर १४ (बि.सं.२०४७ भाद्र २९) मा अनुमोदन गरेपछि बालअधिकारको विषयले थप अन्तर्राष्ट्रिय तथा राष्ट्रिय महत्व प्राप्त गऱ्यो र सोहि दिनको सम्झना स्वरूप वि.सं. २०६३ देखि राष्ट्रिय बाल दिवस भदौ २९ गते मनाउन थालिएको हो। यस ऐतिहासिक यात्राले एउटा महत्वपूर्ण कुरा स्पष्ट गर्छ–बाल दिवस कुनै एक दिनको उत्सव मात्र होइन; बालबालिकाप्रतिको राज्य, समाज र परिवारको जिम्मेवारीलाई निरन्तर स्मरण गराउने महान अभियान हो।

**अधिकारका सुनिश्चिततादेखि व्यवहारसम्म**

नेपालको संविधानले बालबालिकाको अधिकारलाई मौलिक हकका रूपमा स्वीकार गरेको छ। संविधानको धारा ३९ ले बालबालिकालाई नाम र पहिचानसहित जन्मदर्ताको अधिकार, शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको अधिकार सुनिश्चित गरेको छ। बालबालिकालाई शोषण, हिंसा र जोखिमपूर्ण कामबाट संरक्षण गर्ने व्यवस्था पनि संविधानमा गरिएको छ। त्यसैगरी बालबालिका सम्बन्धी ऐन, २०७५ ले बालबालिकाको बाँच्न पाउने अधिकारदेखि संरक्षण, विकास, शिक्षा, स्वास्थ्य, परिवारसँग बस्न पाउने अधिकार, सहभागिता, अभिव्यक्ति, सूचना, खेलकुद र मनोरञ्जनलगायतका अधिकारलाई कानुनी रूपमा सुनिश्चित गरेको छ। तर अधिकार कानुनका पानामा लेखिएर मात्र सुरक्षित हुँदैनन्। अधिकारको वास्तविक अर्थ त्यसबेला स्थापित हुन्छ, जब हरेक बालबालिकाले दैनिक जीवनमा ती अधिकारको अनुभूति गर्न पाउँछ। विद्यालयमा सुरक्षित वातावरण, घरमा माया र सम्मान, समाजमा समान व्यवहार तथा राज्यबाट आवश्यक सेवा र संरक्षण प्राप्त हुनु नै बालअधिकारको व्यवहारिक रूप हो।

**संरक्षणका प्रयास र चुनौती**

नेपालमा बालअधिकार संरक्षणका लागि विभिन्न सरकारी तथा गैरसरकारी क्षेत्रबाट प्रयास भइरहेका छन्। राष्ट्रिय बाल अधिकार परिषद्, स्थानीय तह, विद्यालय, बाल क्लब, सामाजिक संघसंस्था तथा नागरिक समाजले बाल संरक्षण र बालअधिकार प्रवर्द्धनमा विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएका छन्। विद्यालयमा बालमैत्री वातावरण निर्माण, बाल क्लबको गठन, अतिरिक्त क्रियाकलापमा बाल सहभागिता, बालहिंसाविरुद्ध चेतनामूलक कार्यक्रम, बालश्रम तथा बालविवाहविरुद्ध अभियान र जोखिममा परेका बालबालिकाको संरक्षणजस्ता प्रयास उल्लेखनीय छन्।

यद्यपि चुनौतीहरू अझै छन्। आर्थिक विपन्नता, बालश्रम, बालविवाह, हिंसा, दुर्व्यवहार, पारिवारिक उपेक्षा, बेचबिखन, विद्यालय छाड्ने अवस्था तथा डिजिटल माध्यमबाट उत्पन्न हुन सक्ने जोखिमले बालबालिकाको सुरक्षित भविष्यमा चुनौती थपिरहेका छन्। प्राकृतिक विपद् तथा अन्य संकटका समयमा बालबालिका अझ बढी जोखिममा पर्न सक्छन्। त्यसैले अबको आवश्यकता केवल नीति र कार्यक्रम घोषणा गर्नु होइन; बालअधिकारको प्रभावकारी कार्यान्वयन र प्रत्येक बालबालिकासम्म त्यसको प्रत्यक्ष लाभ पुऱ्याउनु हो।

**परिवार : बालअधिकारको पहिलो पाठशाला**

बालबालिकाको पहिलो विद्यालय घर हो। परिवारले बालबालिकालाई दिने माया, व्यवहार, संस्कार र वातावरणले उनीहरूको व्यक्तित्व निर्माणमा गहिरो प्रभाव पार्छ। अभिभावकले छोराछोरीबीच कुनै किसिमको भेदभाव गर्नु हुँदैन। बालबालिकाको कुरा सुन्ने, उनीहरूको भावना बुझ्ने, प्रश्न गर्न प्रोत्साहित गर्ने र उनीहरूको रुचि तथा क्षमताको सम्मान गर्ने संस्कार विकास गर्नुपर्छ। गल्ती गर्दा डर र दण्डभन्दा संवाद र सकारात्मक अनुशासन प्रभावकारी हुन्छ।

बालबालिकालाई महँगो वस्तु दिनुभन्दा समय, माया, सुरक्षा र सुन्ने अवसर दिनु अझ महत्वपूर्ण हुन्छ। उनीहरूले आफ्ना समस्या निर्धक्कसँग अभिभावकसँग भन्न सक्ने वातावरण निर्माण गर्नु बाल संरक्षणको पहिलो खुड्किलो हो।

**विद्यालय : ज्ञानसँगै अधिकारको पाठ**

बालबालिकाको दोस्रो महत्वपूर्ण संसार विद्यालय हो जहाँ उनीहरु फरक-फरक पृष्ठभूमिबाट आएका बालबालिकाहरुको माझमा आफूलाई सामाजिकीकरण गर्ने प्रयत्न गरिरहेका हुन्छन। विद्यालय केवल पाठ्यपुस्तक पढाउने स्थान नभई बालबालिकाको व्यक्तित्व, प्रतिभा, आत्मविश्वास र सामाजिक चेतना विकास गर्ने थलो पनि हो। त्यसैले विद्यालय बालमैत्री, सुरक्षित र समावेशी हुनुपर्छ। शिक्षकले विद्यार्थीको कमजोरीलाई उपहास गर्ने होइन, सम्भावनालाई पहिचान गरेर प्रोत्साहित गर्नुपर्छ। खेलकुद, कला, साहित्य, संगीत, विज्ञान, प्रविधि तथा अन्य सिर्जनात्मक गतिविधिमा विद्यार्थीको सहभागिता बढाउनुपर्छ। बालबालिकाको आवाज सुन्ने, रुची पहिचान गर्ने र उनीहरूलाई विद्यालयका विभिन्न गतिविधिमा अर्थपूर्ण सहभागिता गराउने अभ्यासले उनीहरूमा जिम्मेवारी, नेतृत्व र लोकतान्त्रिक संस्कार विकास गर्छ।

**समाज : मौन दर्शक होइन, जिम्मेवार संरक्षक**

बालबालिकाको संरक्षण परिवारको मात्र जिम्मेवारी होइन। बालश्रममा लगाइएको, हिंसामा परेको, कुलतमा फसेको वा बालविवाहको जोखिममा रहेको बालबालिका देख्दा समाज मौन बस्नु हुँदैन। समुदायले बालमैत्री वातावरण निर्माण गर्न पहल गर्नुपर्छ। स्थानीय तह, विद्यालय, अभिभावक, युवा, सञ्चारमाध्यम, सामाजिक संस्था तथा नागरिक समाजबीच सहकार्य आवश्यक छ। बालबालिकालाई केवल संरक्षण गर्नुपर्ने समूहका रूपमा होइन, भोलिका प्रष्ट विचार र क्षमता भएका अधिकारसम्पन्न नागरिकका रूपमा स्वीकार गर्नुपर्छ।

**राज्य : अधिकारको संरक्षक**

राज्य बालअधिकार संरक्षणको प्रमुख दायित्व बोकेको संस्था हो। संविधान र कानुनले दिएको अधिकार व्यवहारमा कार्यान्वयन गर्न राज्यले प्रभावकारी नीति, पर्याप्त बजेट, सक्षम संस्थागत संरचना र उत्तरदायी संयन्त्र निर्माण गर्नुपर्छ। हरेक बालबालिकाको शिक्षा र स्वास्थ्यमा समान पहुँच, पोषण, सामाजिक सुरक्षा, जन्मदर्ता, सुरक्षित वातावरण तथा जोखिममा परेका बालबालिकाको उद्धार र पुनःस्थापना सुनिश्चित गर्न आवश्यक छ। कानुन उल्लङ्घन गर्ने व्यक्तिमाथि प्रभावकारी कारबाही र पीडित बालबालिकाको संरक्षण तथा पुनःस्थापनालाई पनि प्राथमिकता दिनुपर्छ।

**"बालापनको रक्षाः भविष्यको सुरक्षा" को सान्दर्भिकता**

यस वर्षको नारा "बालापनको रक्षाः भविष्यको सुरक्षा" केवल आकर्षक शब्दहरूको संयोजन होइन; यो वर्तमान समयको आवश्यकता र हाम्रो सामूहिक जिम्मेवारीको ऐना हो। बालबालिकाको बालापन खोसिएमा उनीहरूको भविष्य प्रभावित हुन्छ। विद्यालय जानुपर्ने उमेरमा श्रम गर्न बाध्य हुनु, खेल्नुपर्ने समयमा हिंसा सहनु, सिक्नुपर्ने समयमा विवाहको बोझ बोक्नु, आफ्ना कुरा राख्नुपर्ने अवस्थामा डराएर बस्नु वा अवसरको अभावमा प्रतिभा दबिनु–यी सबै बालापनमाथिका चुनौती हुन्।हामीले बुझ्नुपर्ने कुरा के हो भने बालबालिकाको संरक्षणमा गरिएको प्रत्येक लगानी वास्तवमा राष्ट्रको भविष्यमा गरिएको लगानी हो। आज एउटा बालबालिकालाई गुणस्तरीय शिक्षा दिइयो भने भोलि एउटा सक्षम नागरिक तयार हुन्छ। आज उसलाई सुरक्षित वातावरण दिइयो भने भोलि जिम्मेवार व्यक्तित्व निर्माण हुन्छ। आज उसको विचारलाई सम्मान गरियो भने भोलि उसले अरूको अधिकार सम्मान गर्न सिक्छ।

**बाल दिवस : उत्सवभन्दा प्रतिबद्धताको दिन**

बाल दिवसका अवसरमा विद्यालय तथा समुदायमा गीत, नृत्य, कविता, वक्तत्वकला, चित्रकला, खेलकुद र विभिन्न मनोरञ्जनात्मक कार्यक्रम आयोजना गरिन्छन्। यस्ता गतिविधिले बालबालिकामा उत्साह र सिर्जनशीलता बढाउँछन्। तर बाल दिवसको सार यतिमा मात्र सीमित हुनु हुँदैन। बाल दिवसले हामीलाई एउटा प्रश्न सोध्नुपर्छ–के हाम्रा सबै बालबालिकाले आधार भूत सेवा प्राप्त गरेका छन् ? के उनीहरूले आफ्नो कुरा निर्धक्कसँग भन्न पाएका छन् ? के उनीहरूलाई समान अवसर प्राप्त छ ? के उनीहरूको बालापन साँच्चिकै सुरक्षित छ ? आदि थुप्रै प्रश्नहरुको सकारात्मक उत्तर खोज्नु नै बाल दिवसको वास्तविक उपलब्धि हुनेछ।

**निष्कर्ष**

राष्ट्रको भविष्य बोकेका बालबालिकाहरुको वर्तमान बालबालिकामैत्री हुनुपर्छ। उनीहरुको अधिकार बोलि र नीतिका दस्तावेजमा मात्र सिमित हुनु हुँदैन; भविष्य त आज विद्यालयमा पढिरहेका, खेलिरहेका, सिर्जना गरिरहेका र सपनादेखिरहेकाबालबालिकाको मन र मस्तिष्कमा निर्माण गर्ने परिवेश सिर्जना गरिनु पर्दछ। त्यसैले बालबालिकालाई केवल "भोलिका कर्णधार" भनेर भविष्यमा सीमित गर्नु हुँदैन। उनीहरू आजका पनि महत्वपूर्ण नागरिक हुन्। उनीहरूको विचार सुन्नु, अधिकारको सम्मान गर्नु, सुरक्षित वातावरण दिनु र निर्णय प्रक्रियामा अर्थपूर्ण सहभागिता गराउनु आजको टड्कारो आबश्यकता हो। यस राष्ट्रिय बाल दिवसमा एउटा सामूहिक प्रतिबद्धता गरौँ-बालबालिकाको मुस्कान नहराओस्, उनीहरूको सपना नटुटोस्, उनीहरूको बालापन नखोसियोस् र उनीहरू डर र त्रासमा होइन, सम्भावना बोकेर भविष्यतर्फ अघि बढ्न सक्ने गोरेटो निर्माण गरौ। बालापन सुरक्षित भयो भने भविष्य सुरक्षित हुन्छ जसबाट सक्षम नागरिकको अपेक्षा गरिन्छ। यसर्थ राष्ट्रिय बाल दिवस २०८३ को सन्देश "बालापनको रक्षाः भविष्यको सुरक्षा" एक दिनका लागि उच्चारण गर्ने वाक्य होइन; घर, विद्यालय, समाज र राज्यले हरेक दिन व्यवहारमा उतार्नुपर्ने राष्ट्रिय प्रतिबद्धता हो।

**लेखक : शिक्षक भद्रकाली मा.वि. पोखरा -१३, कास्की**

# ज्योति बाल क्लबका बालकहरुको बाढीपीडितलाई राहत

पोखरापत्र संवाददाता
पोखरा, २९ भदौं




राष्ट्रिय बाल दिवस अवसरमा बालहितकारी परियोजना नेपाल, पोखरा-१५ सडक बालकहरुको अस्थायी संरक्षण सेवाअन्तर्गत ज्योति बाल क्लबका बालकहरुले बाढीपीडितलाई सहयोग गरेका छन्।

मानवीय सहायता तथा सामाजिक उत्तरदायित्वको एक उदाहरणीय काम गर्दै उनीहरुले आफ्नो खाजा खर्च कटाएर कुल २ हजार ६५० रुपैयाँ प्रधानमन्त्री दैवी प्रकोप उद्धार राहत कोषमा जम्मा गरेका हुन्। बालबालिकालाई मनोरञ्जनमा मात्र सीमित नराखी देशमा परेको विपद् र अप्ठ्यारो परिस्थितिप्रतिको सचेतना र जिम्मेवारीबोध गराउने उद्देश्यले उक्त सहयोग गरिएको बाल क्लब अध्यक्ष रिदम घिमिरेले बताए।

पछिल्लो समय देशका विभिन्न भागमा गएको बाढी, पहिरो तथा प्राकृतिक विपत्तिबाट प्रभावित नागरिकको उद्धार, राहत र पुनस्थापनामा बालबालिकाको तर्फबाट समेत केही हदसम्म भए पनि टेवा पुगोस् भन्ने उद्देश्यसहित कोषमा जम्मा गरिएको बताइएको छ। बाल दिवसकै अवसरमा क्लबले १० भदौको रसुवा भोटेकोशी/त्रिशूली नदीमा आएको विनासकारी बाढीमा परी ज्यान गुमाएकाहरूको सम्झना र आत्माको शान्तिका लागि दीप प्रज्ज्वलन गरेको छ। सो अवसरमा क्लबका प्रतिनिधिले सानै उमेरदेखि बालबालिकामा समाजसेवा, राष्ट्रिय भावना र परोपकारी सोचको विकास गराउनु आजको प्रमुख आवश्यकता रहेको बताए। उनीहरूले आगामी दिनमा पनि यस्ता सामाजिक कल्याणकारी, रचनात्मक तथा विपद् व्यवस्थापनसम्बन्धी सहयोगका कार्यक्रमलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरे।

# बुर्तिबाङ अस्पतालमा हाडजोर्नी तथा नशा रोग सम्बन्धी शल्यक्रिया

पोखरापत्र संवाददाता
बागलुङ, २९ भदौं

स्तरोन्नतिकै चरणमा रहेको बागलुङको बुर्तिबाङ प्रादेशिक अस्पतालमा जटिल शल्यक्रिया हुन थालेको छ। ढोरपाटन नगरपालिका-१ बुर्तिबाङमा रहेको बुर्तिबाङ प्रादेशिक अस्पतालमा हाडजोर्नी तथा नशा रोगसम्बन्धी शल्यक्रिया हुन थालेको छ।

अस्पतालमा उपलब्ध स्वास्थ्य सेवाको दायरा विस्तार गर्ने क्रममा हाडजोर्नी तथा ट्रमासम्बन्धी शल्यक्रिया सफल भएपछि स्थानीयवासीलाई उपचारका लागि अन्यत्र जानुपर्ने बाध्यता कम हुने अस्पतालका प्रमुख मेडिकल सुपरिटेन्डेन्ट डा अविनाश पोखरेलले बताउनुभयो। अस्पतालमा शनिबार एकै दिन तीन बिरामीको सफल शल्यक्रिया गरिएको थियो। जसमा स्थानीय ४७ वर्षीया महिलाको दाहिने खुट्टाको गोलीगाँठोको हड्डी भाँचिएको समस्या, ४० वर्षीया महिलाको दाहिने हातको नसा च्यापिएको समस्या र १७ वर्षीया महिलाको दाहिने हातमा रहेको गाँठो (सिस्ट) को शल्यक्रिया गरिएको मेडिकल सुपरिटेन्डेन डा पोखरेलले जानकारी दिनु भयो। अस्तालका डा अविशेक चौहानको नेतृत्वमा डा दिनेश थापा र डा सुरज नेपालीसहितको स्वास्थ्यकर्मी समूहले सफल शल्यक्रिया गरेको मेसु पोखरेलले जानकारी दिनुभयो। ४७ वर्षीया महिलाको दाहिने खुट्टाको गोलीगाँठोमा भाँचिएको हड्डीलाई प्रविधिबाट पाता तथा स्क्रूको प्रयोग गरी जोडिएको थियो। त्यस्तै, ४० वर्षीया महिलाको दाहिने हातमा रहेको समस्याका लागि नसामा परेको दबाब हटाउने शल्यक्रिया गरिएको हो। त्यसैगरी, १७ वर्षीया महिलाको दाहिने हातमा रहेको गाँठो/गिल्टीलाई शल्यक्रियामार्फत निकालिएको अस्पतालले जनाएको छ। अस्पतालमा हाडजोर्नी तथा ट्रमासम्बन्धी जटिल शल्यक्रिया सफलतापूर्वक सम्पन्न हुनुलाई अस्पतालको सेवा विस्तारमा महत्वपूर्ण उपलब्धिका रूपमा लिइएको छ। पश्चिम बागलुङ तथा आसपासका ग्रामीण क्षेत्रका नागरिकले हाडजोर्नी र नसासम्बन्धी उपचारका लागि टाढाका ठूला अस्पतालमा जानुपर्ने अवस्थालाई केही हदसम्म कम गर्न सहयोग पुग्ने अपेक्षा गरिएको अस्पतालले जनाएको छ।


## भाखा नाघेको ऋण चुक्ता गर्न आउने बारे ३५ दिने अत्यन्त जरुरी सूचना

प्रकाशित मिति : २०८३/०५/३० पोखरापत्र राष्ट्रिय दैनिक

यस संस्थाको ऋण नीति बमोजिम तपसिलमा उल्लेखित ऋणी सदस्यहरुले उपयोग गरेको ऋण संस्थासँग ऋण लिने बेलामा गरेको लिखित सम्झौता भंग गरी संस्थालाई बुझाउनु पर्ने साँवा, व्याज तथा हर्जना रकम तिर्न बुझाउन नआई आलटाल गरेको र तिर्न बुझाउनका लागि पटक पटक लिखित तथा मौखिक रुपमा तारताकेता गर्दा समेत वेवास्ता गरी अटेर गर्नु भएकोले गण्डकी प्रदेश सहकारी नियमावली २०७६ को नियम २३ (क) बमोजिम यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ। अतः यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र संस्थामा सम्पर्क गरी संस्थालाई तिर्नु बुझाउनु पर्ने सम्पूर्ण सावाँ, ब्याज तथा हर्जना रकम तिर्न बुझाउनहुन सूचित गरिन्छ। अन्यथा गण्डकी प्रदेश सहकारी नियमावली २०७६ को दफा २३ (ख) बमोजिम ऋण सुरक्षणका लागि संस्थाको नाममा लेखिदिएको अचल सम्पत्ति लिलाम बिक्री गरी सम्पूर्ण लिनु पर्ने साँवा, व्याज, हर्जना र अन्य लाग्ने शुल्कहरु समेत अशुल उपर गरिने व्यहोरा अवगत गराइन्छ।

**तपशील**

| क्र.स. | ऋणीको नाम थर | धनजमानीको नाम थर |
|---|---|---|
| १. | **नाम : नारायणी तिवारी**<br>पति : डिल्ली रमण तिवारी<br>बाजे/ससुरा : राधावल्लव तिवारी<br>स्थायी ठेगाना : पोखरा-३०, कास्की<br>ना.प्र.नं. : १४९७१० कास्की<br>जारि मिति : २०६१/०५/०२ | **नाम : डिल्ली रमण तिवारी**<br>पिता : राधावल्लव तिवारी<br>बाजे/ससुरा : शिवदत्त तिवारी<br>स्थायी ठेगाना : शिशुवा-१, कास्की<br>ना.प्र.नं. : ९०३ कास्की<br>जारि मिति : २०४६/०३/०५ |
| २. | **नाम : जुना विश्वकर्मा**<br>पति : डिल बहादुर कामी<br>बाजे/ससुरा : आइते कामी<br>स्थायी ठेगाना : थप्रेक गा.वि.स. वडा नं. ५, तनहुँ<br>हाल : पोखरा-३२, कास्की<br>ना.प्र.नं. : ४३३०३६/१६९, तनहुँ<br>जारि मिति : २०६३/१०/१२ | **नाम : आइते कामी**<br>पिता : बुद्धे कामी<br>बाजे/ससुरा : सन्ते कामी<br>स्थायी ठेगाना : थप्रेक गा.वि.स. वडा नं.-५, तनहुँ<br>ना.प्र.नं. : ३०४, तनहुँ<br>जारि मिति : २०४५/०१/०९ |

**हाम्रो गौरव बचत तथा ऋण सहकारी संस्था लि.**
पोखरा ३०, खुदी ढुंगेपाटन, कास्की
फोन नं. ०६१-५०४०४९,५०४०६१